# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर अधिकारी नियमित जिम्मेवारीमा

गभर्नर महाप्रसाद अधिकारीले मिति २०७९ वैशाख ७ देखि नेपाल राष्ट्र बैंकको नियमित जिम्मेवारी पुन: सम्हाल्नुभएको छ ।



सर्वोच्च अदालतको मिति २०७९ वैशाख ६ को अल्पकालीन अन्तरिम आदेशअनुसार उहाँले आजदेखि आफ्नो जिम्मेवारी सम्हाल्नुभएको हो । डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, बैंकका उच्च अधिकारी र कर्मचारीले गभर्नर अधिकारीलाई स्वागत गर्नुभएको थियो ।

सञ्चारकर्मीहरुसँग संक्षिप्त प्रतिक्रिया दिँदै सर्वोच्च अदालतको आदेशले राष्ट्र बैंकको स्वायत्ततालाई थप बलियो बनाएको धारणा राख्नुभयो । साथै मुलुकको अर्थतन्त्र र वित्तीय प्रणालीको स्थायित्वका निम्ति आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै सबैसँग समन्वय गरेर अघि बढ्ने जानकारी गभर्नर अधिकारीले दिनुभयो । उहाँले भन्नुभयो, "गभर्नर पद व्यक्ति नभएर संस्था पनि हो । जिम्मेवारी निर्वाह गर्ने क्रममा विभिन्न आरोह अवरोह त आइरहन्छन् । यसमा कसैप्रति पूर्वाग्रह नराखी समन्वय र सहकार्य गरेर अघि बढ्नुपर्छ भन्नेमा हामी सतर्क छौं ।"

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८ चैत २४ गतेको निर्णयबाट गभर्नर अधिकारीमाथि जाँचबुझ गर्न एक समिति गठन भएसँगै उहाँ निलम्बनमा पर्नुभएको थियो । सरकारको यो निर्णयविरुद्ध गभर्नर अधिकारीले २०७९ वैशाख ४ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

सोही निवेदनमाथि २०७९ वैशाख ६ गते प्रारम्भिक सुनुवाई गर्दै सर्वोच्च अदालतले गभर्नर अधिकारीउपर भएको निलम्बनको निर्णय कार्यान्वयन नगर्न र आफ्नो पदीय जिम्मेवारी पूरा गर्न दिनु भनी सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो ।

**२०७९ वैशाख ७ गते** **गभर्नरको कार्यालय**